ऐन संख्याः............
गाउँसभाबाट स्वीकृत मितिः...........

.

# मेल्लेख गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक २०७५

## मेल्लेख गाउँपालिका
## अछाम जिल्ला
## ७ नं. प्रदेश

## मेल्लेख गाउँपालिकाको अर्थ सम्बन्धि प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक २०७५

**प्रस्तावना :**

मेल्लेख गाउँपालिकाको आर्थिक बर्ष २०७५/०७६ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनिय भएकोले, नेपालको संविधान २०७२ को धारा २२८ को उपधारा २ ले दिएको अधिकार प्रयोग गरी नेपालको संविधानको धारा २२६ को उपधारा १ बमोजिम,

मेल्लेख गाउँ सभाले यो अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्ने सम्बन्धी ऐन बनाई लागु गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "**आर्थिक ऐन २०७५**" रहेको छ ।

(२) यो ऐन २०७५ सालसाउन१ गते देखि लागु हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "ऐन" भन्नाले मेल्लेख गाउँपालिकाको आर्थिक ऐन २०७५ सम्झनु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले मेल्लेख गाउँ कार्यपालिका सम्झनु पर्छ ।

(ग) "गाउँपालिका" भन्नाले मेल्लेख गाउँपालिका सम्झनु पर्छ ।

(घ) "फर्म" भन्नाले प्रचलित कानुन बमोजिम दर्ता भए वा नभएको जुनसुकै फर्म सम्झनु पर्छ ।

(ङ) "व्यक्ति" भन्नाले यस ऐन बमोजिम कर तिर्नु पर्ने दायित्व भएको जुनसुकै व्यक्ति सम्झनु पर्छ ।

(च) "सभा"भन्नाले मेल्लेख गाउँपालिकाको सभा सम्झनु पर्छ ।

(छ) "संविधान"भन्नाले नेपालको संविधान २०७२ लाई सम्झनु पर्छ ।

३. **सम्पत्तीकर** : गाउँपालिका क्षेत्र भित्र तपसिल बमोजिम एकीकृत सम्पत्ती कर/घर जग्गा कर लगाइने र असुल उपर गरिनेछ

| क्र.सं. | करका क्षेत्र र विवरण | दर | कैफियत |
|---|---|---|---|
| १. | साधारण झुपडी घरको बार्षिक | रु.३० | |
| २. | ढुंगा माटो जोडाई भएको घरको बार्षिक | रु.६० | |
| ३. | टिनको पाताले छाएको घरको " | रु.१०० | |
| ४. | सिमेण्ट जोडाईको पक्की घरको " | रु.२०० | |

४. **भुमि कर (मालपोत) : गाउँपालिका क्षेत्र भित्र तपसिल बमोजिम भुमि कर (मालपोत) लगाइने र असुल उपर गरिनेछ ।**

| क.सं. | जग्गा रहेको स्थान र वडा | दर | कैफियत |
|---|---|---|---|
| १. | मेल्लेख गाउँपालिका अन्तर्गत वडा नं. १ र २ को प्रति रोपनी | रु.२।०० | |
| २. | मेल्लेख गाउँपालिका अन्तर्गत वडा नं. ३, ४ र ५ को प्रति रोपनी | रु.४।०० | |
| ३. | मेल्लेख गाउँपालिका अन्तर्गत वडा नं. ६ र ७ को प्रति रोपनी | रु.३।०० | |
| ४. | मेल्लेख गाउँपालिका अन्तर्गत वडा नं. ८ को प्रति रोपनी | रु.५।०० | |

**पुनश्च** : एक रोपनी भन्दा कम भए तापनि सबै जग्गाको एक रोपनी बराबरको कर/दस्तुर लिइनेछ । तर यस गाउँकार्यपालिकावाट एकीकृत सम्पत्ति कर व्यवस्थापन कार्यविधि २०७५ स्वीकृत भएपछि सोही बमोजिम हुनेछ ।

५. **घर वहाल कर:**गाउँपालिकाका क्षेत्र कुनै व्यक्ति वा संस्थाले भवन, पसल, ग्यारेज, गोदाम,टहरा, छप्पर, जग्गा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा सम्बन्धित धनीबाट बहाल रकमको **२ प्रतिशत** घर जग्गा बहाल कर लगाइने र असुल गरिनेछ ।

६. **व्यवसाय कर** : गाउँपालिका क्षेत्र भित्र सबै किसिमकाव्यापार वा सेवामा पुँजीगत लगानी र आर्थिक कारोबारका आधारमा तपसिल बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।

| सि. नं. | विवरण | श्रेणी वर्गिकरण | | |
|---|---|---|---|---|
| | | क(रु) | ख(रु) | ग(रु) |
| १ | **होटेल/लज/रेष्टुरेन्ट**<br>५ कोठा भन्दा बढी कोठा भएको लज तथा खाना भएको होटेललाई(क)<br>• लज मात्र भएको लाई (ख)<br>• साधारण खाना, नास्ता, लज भएको लाई (ख)<br>• रेष्टुरेन्ट मात्र भएको लाई (ग)<br>• १० कोठा भन्दा माथि ए.सी. भएको होटेल रेष्टुरेन्टको रु ५००० | २०००।०० | १०००।०० | ५००।०० |
| २ | **मासु पसल**<br>• रागाँको समेत सबै प्रकारको मासु मात्र बेच्ने लाई (क)<br>• खसी र कुखुरा बेच्ने लाई (ख)<br>• कुखुरा/माछा बेच्नेलाई (ख) | १०००।०० | ८००।०० | ५००।०० |
| ३ | **मदिरा पसल वार्षिक इजाजत नविकरण वितरण**<br>• ईजाजत प्राप्त थोक मदिरा पसललाई (क)<br>• ईजाजत प्राप्त खुद्रा मदिरा पसललाई (ख) | १००००।०० | ५०००।०० | ३००।०० |
| ४ | कोल्ड ड्रिक पसललाई | ५००।०० | | |
| ५ | सुनचाँदी, गहना पसल | २०००।०० | | |
| ६ | रेडियो/मोबाइल बिक्री तथा मर्मत | ५००।०० | | |
| ७ | सञ्चार सेवा | ५००।०० | | |
| ८ | घडी बिक्री तथा मर्मत | २००।०० | | |

| | | | | |
|---|---|---|---|---|
| ९ | केवल टि.भि. सेवा | २०००।०० | | |
| १० | **फोटोस्टुडियो**<br>● कलर ल्याब -क)<br>● फोटोस्टुडियो -ख) | १०००।०० | ५००।०० | |
| ११ | हजामलाई | ५००।०० | | |
| १२ | **टेलरिङ**<br>● आधुनिक<br>● साधारण | ५००।०० | २५०।०० | |
| १३ | **जुत्ता पसल**<br>● जुत्ता सिलाई र बेच्ने (क)<br>● जुत्ता मर्मत मात्र गर्नेलाई (ख) | ५००।०० | २५०।०० | |
| १४ | **मोटरवर्कशप**<br>● गाडीको वडी बनाउने तथा मर्मत गर्ने (क)<br>● मोटरसाईकल सहित विभिन्न सवारीसाधन मर्मत गर्ने (क)<br>● मोटरसाईकल मात्र मर्मत गर्नेलाई (ख)<br>● सम्पूर्ण सवारी साधन मर्मत र पार्ट बेच्ने लाई (क)<br>● सम्पूर्ण सवारी साधन मर्मत गर्नेलनई (ख)<br>● गाडीहरु मर्मत र पार्टस बेच्नेलाई (ख)<br>● गाडी मर्मत मात्रै गर्नेलाई (ग)<br>● मोटरसाईकल मर्मत र पार्टस बेच्नेलाई (ख)<br>● मोटरसाईकल मर्मत मात्र गर्नेलाई (ग) | १५००।०० | १२००।०० | १०००।०० |
| १५ | **छापाखाना**<br>● अपसेट प्रेसलाई (क)<br>● साधारण प्रेसलाई (ख) | १५००।०० | १०००।०० | |
| १६ | **स्वास्थ्य सेवा**<br>● अस्पताललाई (क)<br>● पोलिक्लिनिकलाई (ख)<br>● थोक मेडिकललाई (ख)<br>● साधारण मेडिकललाई (ग) | ४०००।०० | ३०००।०० | २०००।०० |
| १७ | **मेटल वर्कशप** | २०००।०० | | |
| १८ | **काष्ठ उद्योग**<br>● काठ चिरानी मेशिनसहित काठहरुको विभिन्न फर्निचर र अन्य काठहरुको झ्याल,ढोका आदि बनाउनेलाई (क)<br>● साधारण मात्र बनाउनेलाई (ख) | ४०००।०० | १५००।०० | |
| १९ | **ईटा भट्टा र ईटा डिपो**<br>● ईटा भट्टा -क)<br>● ईटा डिपो -ख) | २५००।०० | १५००।०० | |
| २० | **कम्प्युटर ईन्स्टिच्युट** | १०००।०० | | |
| २१ | **दाउरा डिपो लाई** | १०००।०० | | |
| २२ | **पान पसललाई** | २५०।०० | | |
| २३ | **बेकरी उधोग र बेकरी पसल**<br>● उधोगलाई (क)<br>● पसललाई (ख) | १५००।०० | १०००।०० | |
| २४ | **तरकारी र फलफुल पसललाई** | ५००।०० | | |
| २५ | **चिया पसललाई** | ३००।०० | | |

| | | | | |
|---|---|---|---|---|
| २६ | **मिलहरु**<br>● १० हर्ज पावर भन्दा माथिको क्षमताको मिललाई (क)<br>● सो भन्दा कम हर्ज पावर क्षमताको मिललाई (ख) | २५००।०० | १५००।०० | |
| २७ | **डिलरलाई कम्पनीको थोक** | ५०००।०० | | |
| २८ | **साईकल भाडा तथा मर्मत** | ५००।०० | | |
| २९ | **ठेकेदार**<br>● नेपाल सरकारको ईजाजत प्राप्त क वर्गको ठेकेदारलाई (क)<br>● नेपाल सरकारको ईजाजत प्राप्त ख वर्ग को ठेकेदारलाई (ख)<br>● नेपाल सरकारको ईजाजत प्राप्त ग वर्ग को ठेकेदारलाई (ग)<br>● नेपाल सरकारको ईजाजत प्राप्त घ वर्ग को ठेकेदारलाई (घ) (५०००।००) | २५०००।०० | १५०००।०० | १००००।०० |
| ३० | **कपडा पसल** | १०००।०० | ५००।०० | |
| ३१ | **किराना पसल**<br>● थोक सहितको किराना पसललाई (क)<br>● ५०००० भन्दा बढी लगानी भएको किराना पसललाई (ख)<br>● सो भन्दा कम लगानी भएको किराना पसललाई (ग) | १५००।०० | १०००।०० | ५००।०० |
| ३२ | **खाद्य पसल**<br>● थोक सहितको खाद्य पसललाई (क)<br>● खुद्रा मात्र खाद्य पसललाई (ख) | १५००।०० | १०००।०० | |
| ३३ | **भाडा पसल**<br>● थोक बिक्रेता -क)<br>● खुद्रा बिक्रेता -ख) | १५००।०० | १०००।०० | |
| ३४ | **चुरा, धागो तथा श्रृङगारका सामान पसल**<br>● थोक सहितको पसललाई (क)<br>● ५०००० भन्दा बढी लगानी भएको पसललाई (ख)<br>● सो भनदा कम लगानी गर्ने पसललाई (ग) | १०००।०० | ५००।०० | ३००।०० |
| ३५ | **कुखुरा पालन**<br>● ४०० भन्दा बढी कुखुरा पाल्नेलाई (क)<br>● ४०० भन्दा कम कुखुरा पाल्ने लाई (ख) | २५००।०० | १५००।०० | |
| ३६ | **तयारी पोशाक पसल (फैन्सी पसल)** | १५००।०० | | |
| ३७ | **तयारी जुत्ता पसललाई** | १०००।०० | | |
| ३८ | **दन्त क्लिनीकलाई** | १०००।०० | | |
| ३९ | **हार्डवेयर पसललाई** | २५००।०० | | |
| ४० | **ईलेक्ट्रिक पसललई** | १५००।०० | | |
| ४१ | **कानुनी फर्मलाई** | १०००।०० | | |
| ४२ | **साईनबोर्ड पेन्टिङलाई** | ५००।०० | | |
| ४३ | **फर्निचर एण्ड फिनिसिगं पसललाई** | २०००।०० | | |
| ४४ | **स्टेशनरी पसललाई** | १०००।०० | | |
| ४५ | **जडिबुटी खरिदबिक्री पसललाई** | १५००।०० | | |
| ४६ | **लेखापरिक्षकलाई** | १०००।०० | | |
| ४७ | **टेलिभिजन पसललाई** | १५००।०० | | |
| ४८ | **अन्य उधोगलाई**<br>● २० लाख भन्दा बढी लगानी गरेकोलाई (क)<br>● १लाख ५० हजार देखि २० लाख लगानी भएको लाई (ख) | १००००।०० | ५०००।०० | ३०००।०० |

| | | | | |
|---|---|---|---|---|
| | • १ लाख ५० हजार भन्दा कम लगानी भएको लाई (ग) | | | |
| ४९ | **विज्ञापन सेवा वा एजेन्टलाई** | १०००।०० | | |
| ५० | **पशुबधशालालाई** | २०००।०० | | |
| ५१ | **अर्न्तराष्ट्रिय गैरसरकारी संस्था -शाखा कार्यालय समेत)** | १००००।०० | | |
| ५२ | **डेरी** | ५००।०० | | |
| ५३ | **बाख्रा दर्ता भएका गाई,** | १०००।०० | | |
| ५४ | **भैंसी,गाई, बङगुर** | ५००।०० | | |
| ५५ | **वित्तिय सेवा**<br>• नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेको बाहेक आर्थिक कारोबार गर्ने क वर्ग बैंकहरु (क)<br>• नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेको बाहेक आर्थिक कारोबार गर्ने ख वर्ग बैंकहरु (ख)<br>• ऋण तथा बचत सहकारी संस्थाको | १००००।०० | ५०००।०० | ३०००।०० |
| ५७ | **सिनेमा हल**<br>• सिनेमा हल -क)<br>• भिडियो हल -ख) | ५०००।०० | २५००।०० | |
| ५८ | **रेफ्रिजेरेटर मर्मत** | १०००।०० | | |
| ५९ | **सिलाई मेशीन बिक्री तथा मर्मत गर्ने पसल** | १०००।०० | | |
| ६० | **व्यूटीपार्लर** | १०००।०० | | |
| ६१ | **दुध डिपो पसल** | १०००।०० | | |
| ६२ | **चस्मा पसल** | १०००।०० | | |
| ६३ | **सप्लायर्स** | १५००।०० | | |
| ६४ | **टेलिफोन टावर राखी सञ्चार सेवा उपलब्ध गराउने संस्थालाई** | २००००।०० | | |
| ६५ | **जग्गा विकास/हाउजिङ्ग** | १००००।०० | | |
| ६६ | **मेनपावर सेवा** | ५०००।०० | | |
| ६७ | **क्याटरिङ्ग सेवा** | १५००।०० | | |
| ६८ | **वित्तिय कारोबार बाहेक अन्य कारोबार गर्ने सहकारी संस्था** | १५००।०० | | |
| ६९ | **मार्वल/टायल पसल** | २५००।०० | | |
| ७० | **सवारी साधनको सो रुम**<br>• गाडीको सोरुम -क)<br>• मोटरसाईकलको सो रुम -ख)<br>• ट्याक्टर तथा मेशीनरी को सो रुम -ग) | १००००।०० | ७०००।०० | ५०००।०० |
| ७१ | **कृषि सामाग्रीको पसल/भेटेनरी सम्बन्धि पसल** | १०००।०० | | |
| ७२ | **दाना उद्योग** | २५००।०० | | |
| ७३ | **तार जाली बनाउने उद्योग** | २०००।०० | | |
| ७४ | **कृषि व्यवसाय(बङगुर,माछा,गाईपालन)** | १०००।०० | | |
| ७५ | **नीजि कलेजलाई** | २००००।०० | | |
| ७६ | **मिनरल वाटर उद्योगलाई** | ५०००।०० | | |
| ७७ | **पानी ट्याङर लाई** | १०००।०० | | |
| ७८ | **ग्यास डिपो** | १०००।०० | | |
| ७९ | **कोल्ड स्टोर (शित भण्डार)** | २५००।०० | | |
| ८० | **वातावरण शुल्क**<br>क) सल्लाको खोटो संकलन -प्रति के.जी.) रु ५।००<br>ख) काठ निकासी(सल्ला ए ग्रेड प्रति क्यू फिट रु १५ र बि ग्रेड प्रति क्यू फिट रु १२<br>ग) कु काठ प्रति क्यू फिट रु १०<br>घ) सालको ए ग्रेड प्रति क्यू फिट रु २५<br>ङ) सालको बि ग्रेड प्रति क्यू फिट रु २० | | | |

| | | | | |
|---|---|---|---|---|
| | च) जडिबुटी शुल्क कुल राजस्व रकमको १० प्रतिशत<br>छ) गिट्टी ,बालुवा,ढुङ्गा बापतको कर :<br>• टिपरको प्रति टिप रु ६००<br>• ट्रक प्रति ट्रिप रु १०००<br>• मिनि ट्रक/ट्याक्टर रु ४०० | | | |
| ८१ | **मन्टेश्वरी** | २०००।०० | | |
| ८२ | **ट्युसन सेन्टर** | २०००।०० | | |
| ८३ | **माछा फिसिङ** | २०००।०० | | |
| ८४ | **उजुरी सुनुवाई प्रतिवेदन** | २००।०० | | |
| ८५ | **हाट वजार प्रति व्यापारी (प्रवेश)** | १०।०० | | |
| ८६ | **जीवजन्तु चौपाया व्यवसाय (प्रतिगोटा)** | १०।०० | | |
| ८७ | **कोटेशन ठेक्का जुन सुकै वाट योजना पर्न गएमा माथी उल्लेख भए बमोजिम राजश्व लाग्नेछ।** | | | |
| ८८ | **नीजि विद्यालय सम्बन्धी** | नर्सरी देखि कक्षा ३ सम्म | | ५००।०० |
| | | नर्सरी देखि कक्षा ५ सम्म | | १०००।०० |
| | | नर्सरी देखि कक्षा १० सम्म | | १५००।०० |
| ८९ | **भैसी, राँगा मासुको लागि लाईसेन्सवाला सप्लायर्सहरुले निकासी गर्न गएमा (सम्बन्धित निकायबाट मासुको लागि विक्रि गर्न ठिक छ भनी प्रमाणित गरेको हुनु पर्नेछ।)** | प्रति भैंसी | | १००।०० |
| | | प्रति राँगा | | १५०।०० |

**नोट :**

१ यसमा डिलर, एजेन्ट, डिपो, सबडिलर आदि बाहेक अन्य पसल उद्योग व्यवसायको हकमा कसैले एउटै पसलमा धेरै आइटम राखी पसल वा व्यवसाय गरेको छ भने सबै आइटम मध्ये कुनै एकको मात्र कर लिने छ। तर यसमा सबै आइटम मध्ये जुन आइटमको कर रकम बढि छ सोहीलाई कायम गरी कर रकम अशुल गरिने छ।

२ म्याद भित्र नबुझाउने कुनै पनि करदाताहरुबाट बुझाउनुपर्ने सम्पूर्ण व्यवसायी कर र प्रति वर्ष १० प्रतिशतका दरले जरिवाना सहित व्यवसाय कर अशुल गरिने छ।

७. **सवारी साधन/ अन्य साधन कर :**

गाउँपालिका क्षेत्र भित्र दर्ता भएका संचालनमा रहेका वा सवारी संचालन गर्न अनुमती पाएका साधनहरुलाई तपसिल बमोजिम सवारी साधन कर र असुल उपर गरिनेछ।

तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

क) वार्षिक सवारी कर निम्न अनुसार लिने। (भुक्तानी पाउने रकममा )

| **सि.नं.** | **विवरण** | | **वार्षिक रु.** |
|---|---|---|---|
| १. | **जेसिवी मेसिन** | एक लाख देखि पाँच लाख सम्म | ५००।०० |
| | | पाँच लाख देखि दश लाख सम्म | १०००।०० |
| | | दश लाख देखि पन्ध्र लाख सम्म | १५००।०० |
| | | पन्ध्र लाख देखि वीस लाख सम्म | २०००।०० |
| | | वीस लाख देखि पैतीस लाख सम्म | २५००।०० |
| | | पैतीस लाख देखि चालिस लाख सम्म | ३०००।०० |
| | | चालिस लाख देखि पचास लाख सम्म | ३५००।०० |
| | | पचास लाख देखि साठी लाख सम्म | ४०००।०० |
| | | साठी लाख देखि सत्तरी लाख सम्म | ४५००।०० |
| | | सत्तरी लाख देखि असी लाख सम्म | ५०००।०० |
| | | असी लाख देखि नब्बे लाख सम्म | ५५००।०० |

| | | | |
|---|---|---|---|
| | | नब्बे देखि एक करोड सम्म | ६०००।०० |
| २ | स्काभेटर | | ७०००।०० |
| ३ | बस,ट्रक तथा अन्य | | ५०००।०० |
| ४ | भाडाको मिनिबस, | | ३००।०० |
| ५ | भाडाको भ्यान | | २५००।०० |
| ६ | भाडाको जीप, पिकअप, आदिमा | | ५००।०० |
| ७ | भाडाको टेम्पो | | १००।०० |
| ८ | नीजि जीप,कार, भ्यान आदिमा | | ३००।०० |
| ९ | मोटरसाईकल/स्कुटर | | १००।०० |
| १० | ठेला गाडा | | ५०।०० |
| ११ | अन्य सवारीमा | | १००।०० |
| १२ | सामान ढुवानीमा प्रयोग हुने टेक्टर | | ३०००।०० |
| १३ | भाडाको जीप | | ३०००।०० |
| १४ | मोटरसाईकल | | २००।०० |

**ख) पटके सवारी कर निम्न अनुसार लिने ।**

(ख) १) यस गाँउपालिकामा प्रवेशका लागि बाटो निमार्ण तथा संभार गर्नका चालु आ.ब. २०७५/०७६ देखि देहाय अनुसार पटके सवारी कर लिने ।

(ख) १.१) रि टोटलिङ्ग वाला गाडी, जिप प्रति पटक रु १५०।००

(ख) १.२) अन्य सवारीमा रु २५।००

(ख) १.३) यस गाँउपालिकामा सवारी वार्षिक कर तिरेका सवारीमा र मोटर जस्ता सवारीमा र सरकारी तथा कुटनैतिक नियोगका सवारी साधनमा उक्त कर लिइने छैन ।

८. **विज्ञापन कर** : गाउँपालिका क्षेत्र भित्र हुने विज्ञापनमा तपसिल बमोजिम विज्ञापन कर लगाईने र असुल उपर गरिनेछ ।

तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

क) होडिङ बोर्ड प्रति वर्ग फिट रु ७५।००

ख) भित्ते लेखन/सटर पेन्टिङ प्रति वर्ग फिट रु ३०।००

ग) विज्ञापन सेवा वा एजेन्टलाई बार्षिक एकमुष्ट रु.१०००।००

९. **मनोरञ्जन कर** : गाउँपालिकाका क्षेत्र भित्र हुने मनोरञ्जन व्यवसाय सेवामा कार्यक्रम संचालन गर्ने संचालकसँग गाउँपालिका र संचालक विच आपसी समभ्रुदारीमा मनोरञ्जन कर शुल्क लिईनेछ ।

१०. **सेवा शुल्क,दस्तुर** :गाउँपालिकाले निर्माण संचालन वा व्यवस्थापन गरेका तपसिलमा उल्लेखित स्थानिय पूर्वाधार र उपलब्ध गराईएको सेवामा सेवाग्राहीबाट निम्न अनुसार शुलक लगाईने र असुल उपर गरिनेछ ।

| सि.नं. | विवरण | सिफारिस दस्तुर रु. | |
|---|---|---|---|
| १ | नागरिकताको हकमा | | ५०।०० |
| २ | नागरिकताको प्रतिलिपी | | १५०।०० |
| ३ | नामसारी सिफारिस | | १००।०० |
| ४ | नामसारी सिफारिस प्रतिलिपी | | २५०।०० |
| ५ | सामाजिक सुरक्षा भत्ताको परिचय पत्र/कार्डको | बालबालिकाको | ५०।०० |
| | | दलितको | १००।०० |

| | | | |
|---|---|---|---|
| | | वृद्ध वृद्धा/विधवाको | १००।०० |
| ६ | फर्म दर्ता सिफारिस | | ३००।०० |
| ७ | फर्म दर्ता प्रमाण पत्र सहित | | २००।०० |
| ८ | उद्योग दर्ता सिफारिस | (प्रति लाखमा) | ५०० |
| ९ | जग्गा धनि प्रमाण पूर्जा प्रतिलिपि सिफारिस | | २००।०० |
| १० | बणिज्य व्यापार ईजाजत दर्ता सिफारिस | | १००।०० |
| ११ | उद्योग ठाँउ सारी सिफारिस | | ५००।०० |
| १२ | नाता प्रमाणित | | १००।०० |
| १३ | धारा/बिजुली मिटर सिफारिस | | १००।०० |
| १४ | नाम, थर आदि सच्याउने सिफारिस | | ५०।०० |
| १५ | साधारण सिफारिस (कुनै पनि सिफारिसहरु) | | २५।०० |
| १६ | जग्गा/मोही नाम सारी/जग्गा दर्ता/गुठी/रैकर आदि | | १००।०० |
| १७ | जग्गा खरिद बिक्रीमा घर, बाटो प्रमाणित | | २००।०० |
| १८ | कालो पत्रे मोटर बाटो भएको छ भनी गरिने सिफारिसमा | | ५००।०० |
| १९ | अन्य मोटर बाटो भएको छ भने गरिने सिफारिसमा | | १००।०० |
| २० | गाउँपालिकाबाट गरिने सिफारिस | | १००।०० |
| २१ | पिछडिएको क्षेत्र सिफारिस | | ५०।०० |
| २२ | वडा कार्यालयबाट पँजिकरण सम्बन्धी (घटना घटेको ३५ दिनमा घटना दर्ता गरेमा निःशुल्क हुनेछ ) | | ५०।०० |
| २३ | बसाई सराई | | २००।०० |
| २४ | सामुदायिक बन सिफारिस | | २००।०० |
| २५ | सामुदायिक वन नविकरण | | २००।०० |
| २६ | आय स्रोत प्रमाणितको सिफारिसमा वार्षिक आयको हिसाबले | | वार्षिक हुन आउने रकमको १ प्रतिशतका दरले |
| २७ | रुख काट्नको लागि सिफारिस दिँदा | | २००।०० |
| २८ | योजना सम्झौता सिफारिस | ५०००० देखि १००००० सम्म | २००।०० |
| | | १००००० देखि ३००००० सम्म | ३००।०० |
| | | ३००००० देखि ५००००० सम्म | ५००।०० |
| | | ५००००० देखि १०००००० सम्म | १०००।०० |
| | | १०००००० देखि १५००००० सम्म | १५००।०० |
| | | १५००००० देखि २०००००० सम्म | २०००।०० |
| | | २०००००० देखि ३०००००० सम्म | ३०००।०० |
| | | ३०००००० देखि ४०००००० सम्म | ४०००।०० |
| | | ४०००००० देखि ५०००००० सम्म | ५०००।०० |
| | | ५०००००० देखि ६०००००० सम्म | ६०००।०० |
| | | ६०००००० देखि ७०००००० सम्म | ७०००।०० |
| | | ७०००००० देखि ८०००००० सम्म | ८०००।०० |

| | | | |
|---|---|---|---|
| | | ८००००००० देखि ९००००००० सम्म | ९०००।०० |
| | | ९००००००० देखि १०००००००० सम्म | १००००।०० |
| | | १०००००००० भन्दा माथि | १०००००००० भन्दा माथिका योजनाहरुमा माथि उल्लेख भए बमोजिम राजश्व निर्धारण गरिने छ । |
| २९ | **कोटेशन ठेक्का जुन सुकैवाट योजना पर्न गएमा माथी उल्लेख भए बमोजिम राजश्व लाग्नेछ ।** | | |

**नोट नं.**: १ योजनाहरु, छात्रवृति, आर्थिक सहायता, निशुल्क स्वास्थ्य उपचार, दैविक प्रकोप र ज्येष्ठ नागारिक भत्ताको लागि गरिने मन्जुरनामाको सिफारिस आदि सिफाारिसमा सिफारिस दस्तुर छुट दिने ।

**नोट नं.**: २ यस गाँउपालिकाबाट गरिने सम्पत्ति मूल्यांकन र आय स्रोत प्रमाणित सिफारिस बाहेक अन्य सिफारिसमा अंग्रेजीबाट सिफारिस दिदा तोकिएको सिफारिस दस्तुरमा थप सय प्रतिशत दस्तुर लिने ।

**नोट नं.**: ३ यो ऐनमा व्यवस्था नभएका अन्य सिफारिसको हकमा यस ऐन सगँ नबाझिने गरी कार्यापालिकाले निर्णय गरे बमोजिम हुनेछ ।

११. **घर निर्माण नक्सा पास दस्तुर** : घर निर्माण नक्सापास दस्तुर निम्न वमोजिम लिने ।

क) निवेदन फाराम रु.१००।०० लिने ।

ख) ढलान गरी निर्माण गरिने घरलाई प्रति वर्ग फिट रु.२।०० ढलान नगरी निर्माण घरलाई प्रति वर्गफिट रु.१।०० र माटोको जडान घर निर्माण गर्नेलाइ प्रति रु.०.५० नक्सापास दस्तुर लिने ।

ग) नक्सा नामसारी तथा नविकरण वापत प्रत्येक पटकको लगि रु.५००।०० दस्तुर लिने ।

घ) साविक घरमा परिवर्तन नहुने गरी मर्मत गर्नु परेमा रु. १००।०० दस्तुर लिने ।

ङ) नक्सापास सम्बन्धी कार्य सम्पन्न प्रमाणपत्रको रु.५००।०० र पास भएको नक्साको प्रति वर्ग मिटर रु. २ दस्तुरलिई प्रतिलिपी दिने ।

१२. **चारकिल्ला प्रमाणित दस्तुर** : चारकिल्ला प्रमाणित सिफारिस दिंदा प्रति कित्ता निम्न वमोजिम भएको जग्गाहरुमा तपसील वमोजिम सेवा शूल्क लिने ।

| सि.नं. | विवरण | रकम रु. |
|---|---|---|
| १. | चार किल्ला प्रमाणित गर्दा एकमुष्ट | ५००।०० |
| २. | आधा रोपनी सम्मको जग्गाको | १००।०० |
| ३. | एक रोपनी सम्मको जग्गाको | २००।०० |
| ४. | एक रोपनी भन्दा बढी ५ रोपनी सम्मको | ३००।०० |
| ५. | ५ रोपनी भन्दा बढी १० रोपनी सम्मको | ५००।०० |
| ६. | १० रोपनी भन्दा बढी जतीसुकै भएपनि | १०००।०० |

१३. **निवेदन दस्तुर** : (क) कुनै पनि साधारण निवेदनहरुमा निवेदन दस्तुर लिइने छैन ।

ख. यस गाउँपालिकामा कर, दस्तुर,महसुल आदि बुझाएको भनि लिएको प्रमाणपत्रहरु आदि रु. ५०।०० लिइ अर्को प्रतिलिपी प्रमाणपत्र दिइनेछ ।

१४. **<u>सम्पत्ति मूल्यांकन दस्तुर:</u>** सिफारिस शुल्क प्रति रु.१००० मा १ प्रतिशत का दरले लिने ।

**१५. कर छुट नहुने** : यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

**१६. कर तथा शुल्क संकलन सम्बनधी कार्यविधि** : यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ ।

*यस ऐनमा छुट हुन गएका कर सम्बन्धमा प्रचलित कानुन बमोजिम हुनेछ ।*

*समाप्त*